# आर्थिक वर्ष २०८३/०८४
# को
# नीति तथा कार्यक्रम

## चौधौं नगरसभा
## रंगेली नगरपालिका
## रंगेली मोरङ
## कोशी प्रदेश , नेपाल
## मितिः २०८३/०३/१०

**यस सम्मानित नगरसभामा उपस्थित सम्पूर्ण सदस्यज्यूहरु तथा उपस्थित अन्य महानुभावहरु,**

१. रंगेली नगरपालिकाको चौधौं नगरसभाको बैठकमा नगरपालिकाको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।सारभौम नेपाली जनताको उत्साहपुर्वक सहभागीताको माध्यमवाट भएको दोस्रो स्थानीय तहको निर्वाचन मार्फत हामिलाई आम नगरवासीलाई सेवा गर्ने अवशर दिनु भएकोमा सम्पुर्ण नगरवासी प्रति आभार ब्यक्त गर्दछु।यसै सन्दर्भमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका तथा विभिन्न आन्दोलन र राजनैतिक परिवर्वनका लागि जीवन उत्सर्ग गर्नु हुने वीर शहीदहरु प्रति भावपुर्ण श्रदाञ्जली अर्पण गर्दछु।

२. सुन्दर, समुन्नत र समृद्ध नगरपालिका निर्माण गर्ने हाम्रो चाहना र समस्त नगरवासीलाई निर्वाचनताका अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने सन्दर्भमा आगामी आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेकाछौ ।यसका लागि दीगो विकासको लक्ष्यलाई स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित उपलब्ध स्रोत साधनको पहिचान र अधिकतम परिचालन गरी समावेशी तथा दीगो स्थानीय आर्थिक विकासमार्फत “ समृद्ध नेपाल, सुखी नेपाल ” को परिकल्पनामा समाहित हुन नगरपालिकाको तर्फबाट हरहमेसा कोसिस गरिरहेका छौ।

३. विगतका वर्षहरूमा हासिल भएका उपलब्धिहरूलाई संस्थागत गर्दै बाँकी रहेका चुनौतीहरूको समाधान , विकासका सम्भावनाहरूको अधिकतम उपयोग तथा नागरिकमैत्री सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने लक्ष्य लिइएको छ। कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार, पर्यटन, रोजगार, वातावरण संरक्षण, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा तथा डिजिटल सुशासनलाई प्राथमिकताका क्षेत्रका रूपमा समेटिएको छ।

४. आजको युगलाई नेतृत्व गरिरहेको युवा पुस्ता ले उठाएका ऊर्जा, सिर्जनशीलता, नवप्रवर्तनशील सोच तथा प्रविधिमैत्री क्षमतालाई विकासको मूल प्रवाहमा समेट्ने नीति अवलम्बन गरिएको छ। युवाहरूको उद्यमशीलता , रोजगारी, नेतृत्व विकास, डिजिटल सीप तथा निर्णय प्रक्रियामा सार्थक सहभागितालाई प्रोत्साहन गर्दै नगरको समग्र विकासमा उनीहरूको सक्रिय योगदान सुनिश्चित गरिनेछ। साथै युवा पुस्ताले उठाएका सुशासन , पारदर्शिता, उत्तरदायित्व, नवप्रवर्तन र सहभागितामूलक विकासका विषयहरूलाई समेत नीति तथा कार्यक्रममार्फत सम्बोधन गर्ने प्रयास गरिएको छ।

५. नेपालको इतिहासमा धेरै प्रकारका राजनैतिक सिद्धान्तहरुको प्रयोग तथा अभ्यास नभएका भने होइनन् तर समुन्नत राष्ट्र निर्माण , अधिकार सम्पन्न नागरिक तथा सुशासनको माध्यमवाट प्राप्त हुने असल शासनको प्रासिका लागि हामीले हाम्रो क्षेत्रबाट आफ्नो विवेकले भ्याएसम्म प्रयत्न गरेका छौं।

६. पहिलो कार्यकालमा निर्वाचित भएर आउनु भएका पूर्व जनप्रतिनिधिले नगरपालिका क्षेत्रको प्रगति र विकासका लागि पुऱ्याउनु भएको योगदानलाई हामी सधैं उच्च सम्मान गर्दछौं। यसै सन्दर्भमा नगर क्षेत्रका पूर्व जनप्रतिनिधी, समाजसेवि, बुद्धिजीवि, नागरिकसमाज, सञ्चारकर्मी लगायत सवैले आ.व. २०८३ /०८४ को नगर सभा थालनीको प्रकृयामा दिनुभएको अमूल्य सल्लाह सुझावलाई नगरपालिकाको समग्र विकास र समृद्धिमा समाहित गर्दै लैजाने प्रण समेत गर्न चाहन्छु।

**सभाध्यक्ष महोदय**

**अब म चालु आ.व. ८२\८३ का सन्दर्भमा समिक्षात्मक प्रस्तुती गर्ने अनुमति चाहन्छु।**

१. १२ औं नगरसभा मार्फत चालु आर्थिक वर्ष २०८२/८३ का लागि संघ सरकारबाट वित्तीय समानीकरण अनुदान तर्फ १४ करोड ५२ लाख विनियोजन गरि योजना तथा कार्यक्रम समेत स्वीकृत भएकोमा हाल १३ करोड २७ लाख ८५ हजार ४ सय मात्र प्राप्त भएको छ र बाँकी रकम नआउने निश्चित भै सकेको छ।

२. प्रदेश सरकारबाट प्राप्त हुनु पर्ने सवारी साधन करको रकम रु ९५ लाख ८७ हजार मध्ये हाल सम्म ७८ लाख २६ हजार मात्र प्राप्त भएको छ। संघ सरकार राजस्व बाँडफाँट तर्फ ११ करोड ६४ लाख २४ लाख अनुमान गरेकोमा हाल सम्म १० करोड ५४ हजार मात्र प्राप्त भएको छ।

३. आन्तरिक श्रोत तर्फ ४ करोड ९४ लाख ३१ हजार ४ सय ४१ रुपैंया आय अनुमान गरिएकोमा २०८२/०३/०९ सम्म सम्म ३ करोड ५ लाख ५१ हजार मात्र संकलन भएको छ। घरजग्गा रजिष्ट्रेशन दस्तुर तर्फ ४ करोड ४८ लाख अनुमान भएकोमा रु.२ करोड ६७ लाख मात्र प्राप्त भएको छ।

४. यसरी हेर्दा संघ सरकार वित्तीय समानीकरण अनुदान तर्फ रु.१ करोड २४ लाख १४ हजार ६ सय रुपैंया ,संघ राजस्व बाँडफाँट तर्फ १ करोड ६३ लाख ७० हजार , प्रदेश सवारी साधन कर तर्फ रु.१७ लाख ६१ हजार , राजस्व बाँडफाँट स्थानीय तर्फ रु १ करोड ८१ लाख ४० हजार हाल सम्म प्राप्त भएको छैन भने आन्तरिक स्रोत तर्फ पनि रावस्व सङ्कलनको अवस्थालाई हेर्दा अनुमान गरेको बजेट निकै कम बजेट प्राप्त हुने देखिन्छ।तसर्त १२ औं नगर सभाले प्रक्षेपण गरेको आय र योजना तथा कार्यक्रममा विनियोजन गरेको रकम पुर्ण रुपमा प्राप्त नभएका कारण आ.व २०८३/८४ मा प्रस्तुत गरिएको बजेटमा पुँजिगत भुक्तानी दिन बाँकी दायित्वको रुपमा रु. ३ करोड ४ लाख ९१ हजार ७ सय विनियोजन गर्नु परेको अवस्था म यस सम्मानित सभा समक्ष राख्न चाहँन्छु ।

**सभाध्यक्ष महोदय,**

**अब म आ.व २०८२/८३ मा सम्पन्न भएका र हुने मुख्य मुख्य कार्यक्रम तथा योजनाको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

चालु आ.व २०८२/८३ मा संघ तथा प्रदेश सरकारबाट प्राप्त ससर्त अनुदान, समपुरक अनुदान,विशेष अनुदान,नगरविकास कोषबाट प्राप्त अनुदान तथा ऋण , संघ तथा प्रदेश सरकारवाट प्राप्त समानीकरण अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, राजस्व बाँडफाँड स्थानीय र आन्तरिक स्रोतबाट विनियोजन भएको बजेट रु ८३ करोड २६ लाख ८४ हजार ७ सय ३५ रुँपयाको परिधीमा रहेर गरिएका मुख्य मुख्य कार्यहरु निम्न बमोजिम रहेको व्यहोरा अनुरोध गर्दछु ।

- वडा नं. ५ र ६ भई बग्ने घाँघी नदीमा ५.५ मी. ट्रीपल स्पान बक्स कल्भर्ट निर्माण गर्ने कार्य सम्पन्न भएको छ ।
- वडा नं. ५ मा स्वास्थ्य चौकी निर्माण भएको छ ।
- अस्पताल र नगरपालिकाका लागि AC खरिद एवम जडान गर्ने कार्य सम्पन्न भएको छ ।
- जेन्जी (Gen Z) आन्दोलनका क्रममा नगर तथा वडा कार्यालयमा तोडफोड तथा आगजनी बाट क्षती भएको भवन मर्मत एवम रंग रोगन र फर्निचर लगाएत जिन्सी सामानको व्यवस्थापन गर्ने कार्य भएको छ ।
- कर्मकार सामुदायिक भवन निर्माण भएको छ ।
- सिमा बाँधमा ड्रेन निर्माण सम्पन्न भएको छ ।

- कालिमन्दिर अगाडी शौचालय तथा पुस्तकालय सहितको भवन निर्माण सम्पन्न भएको छ ।
- ३८ कि.मि. सडक कालोपत्रे कार्य अन्तिम चरणमा रहेको छ ।
- कृषि बजार भवन निर्माणाधिन अवस्थामा रहेकोमा संघीय सरकारबाट बजेट कटौती भएको कारण समय सिमा भित्र कार्य सम्पन्न गर्न कठिनाई हुने देखिएको छ ।
- ६०० टन क्षमताको सित भण्डार( कोल्ड स्टोर) को निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।
- चालु आ.व. मा १११ वटा घर नक्सा पास भएको छ ।
- पशुपंक्षी महामारी रोग (FMD एफ.एम.डि, LSDएल.एस.डि., PPRपि.पि.आर., CSFसि.एस.एफ.) नियन्त्रणको लागी ५५,९१२ वटा पशु लाई निशुल्क खोप सेवा संचालन गरीएको छ ।
  ७,५९८ पशुपंक्षी लाई उपचार , २,६५५ पशुलाई कृतिम गर्भाधान, ९५८ पशुको प्रयोगशाला सेवा, १६३ गर्भ परिक्षण र १,६३६पशुको बन्धाकरण सेवा संचालन भएको छ ।
- किसान सुचिकरण कार्यक्रम हाल वडा नं. ९ मा संचालन भईरहेको छ ।
- चैते धान प्रवर्द्धन कार्यक्रम मार्फत वडा नं. १ देखी ९ का २२४ किसानहरु सहभागि भएका छन् ।
- कृषि,पशु, मत्स्य तथ्याङक अध्यावधिक कार्यक्रम मार्फत वडा नं. १ देखी ९ का १३०९ जना किसानहरु सँग तथ्याङक लिई अपडेट गरीएको छ ।
- तरकारी पकेट विकास कार्यक्रम मार्फत वडा नं. १ र ७ गरी जम्मा १७१ जना कृषकहरुलाई कृषि सामाग्री हस्तान्तरण/ वितरण गरिएको छ ।
- कृषकहरुको मागका आधारमा वडा नं. मा वाली उपचार शिविर संचालन गरी वाली विरुवाको रोग/ किराको उपचार गर्ने कार्य सम्पन्न गरिएको छ ।
- Soil (माटो) डिजिटल मापिङ कार्यक्रम मार्फत वडा नं. १ देखी ९ सम्म ५४ ठाउँमा माटो नमुना लिई परिक्षणका लागि परिक्षण प्रयोगशाला झुम्का पठाईएको छ ।
- आ.व. ८२\८३ सम्म कृषि सिचाई मिटर वडा नं. १ देखी ९ सम्म जम्मा १२३५ जना कृषकहरुको सिचाई मिटरको महशुल रंगेली न.पा. बाट भुक्तानी गरिएको छ ।
- सामाजिक सुरक्षा भत्ता सहज र सरल रुपमा वितरण गरिएको छ ।
- सामाजिक सुरक्षा भत्ताका लागि २३२ जनाको लगत कट्टा गरि कुल जम्मा ६२७५ जनालाई सा.सु भत्ता वितरण गरिएको छ ।
- २१२३८ घटना दर्ता (जन्म,मृत्यु,विबाह,बसाई-सराई र सम्बन्ध विच्छेद)भएको छ ।
- राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत १६ महिना देखी ५९ महिना सम्मका समपुर्ण वालवालिकालाई १३ प्रकारको रोग विरुद्धको खोप पुरा गराइ मिति २०८२/१२/१७ का दिन पुर्ण खोप सुनिश्चित नगर पालिका घोषणा गरिएको छ ।
- महिलाहरुको पाठेघरको मुखको क्यान्सर विरुद्धको HPV खोप कार्यक्रम नगर भरिका सम्पुर्ण सामुदायिक तथा संथागत विध्यालयमा कक्षा ६ देखि १० सम्म अध्ययनरत ६-जना किशोरिहरुलाई सफलतापुर्वक खोप लगाउने कार्यक्रम सम्पन्न गरिएको छ।
- महिलाहरुको पाठेघरको मुखको र स्तन क्यान्सरको ९ वटै वडामा औषधी वितरण सहितको निःशुल्क स्त्री तथा प्रशुती रोग सम्वन्धि स्वास्थ्य शिविर संचालन गरि ६८० जना स्वास्थ्य समस्या भएका महिलाहरुलाई स्वास्थ्य जाँच उपचार कार्यक्रम सम्पन्न गरिएको छ ।

- क्यान्सर, मुटुरोग ,मधुमेह, उच्च रक्तचाप जस्ता रोगका स्कृनिङ्ग अभियान कार्यक्रम मार्फत २३०३ जनाको स्कृनिङ्ग गरि स्वास्थ्य प्रीक्षण गरिएको छ ।
- १९८९ घर परिवारको निशुल्क स्वास्थ्य विमा नविकरण गरिएको छ ।
- निरन्तर रुपमा विद्यालय स्वास्थ्य कार्यक्रम संचालन भएको छ ।
- अपाङ्गता रोकथाम,पुनर्स्थापना र उपचार कार्यक्रम अन्तर्गत ह्विवल चियर १२ जनालाई , ट्वाईलेट चियर ५ जनालाई, वाकर २ जनालाई, सेतो छडी १ जनालाई र बैसाखी ५ जनालाई वितरण गरिएको छ ।
- न.पा. भित्र क्रियाशिल रहेका अपाङ्गताहरु को संस्थाहरु लाई क्षमता विकास तालिम सम्पन्न गरिएकोछ ।
- ५१ जनालाई अपाङ्गता परिचयपत्र वितरण साथै ७२ जनालाई जेष्ठ नागरिक परिचय पत्र वितरण गरिएको छ ।
- रंगेली अस्पतालमा विशेषज्ञ सेवा सहित हाइड्रोशिल, हर्निया, एपेन्डिस जस्ता सर्जरी सेवा सहित डाईलोसिस सेवा समेत शुरुवात गरिएको छ ।
- रंगेली अस्पताल MSS(एम.एस.एस.) (न्यूनतम् सेवा मापदण्ड) मा नेपालको पहिलो स्थान हासिल गर्दै ८९ अंक ल्याउन सफल भएको छ ।
- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत ४७ श्रमिकलाई न्युनतम रोजगारी प्रदान गरिएको साथै वैदेशिक रोजगार बाट फर्केकालाई वारिष्टा तालिम प्रदान गरिएको छ ।
- न्यायिक समितिमा ५४ वटा उजुरी परेकोमा ४७ वटा फछ्र्यौट भई ७ वटा फछ्र्यौटको प्रकिया मा रहेको छ साथै अन्य मुद्दाहरु १७ वटा फछ्र्यौट भएको , सेफ हाउसमा ५ जनालाई पठाएको र २७ जनालाई मनोविमर्श सेवा उपलब्ध गराएको छ।
- १०९ जना आप्रवासी कामदारको श्रम नविकरण गरीएको छ ।
- हिंसा प्रभावितलाई सेफ हाउसमा राखी निःशुल्क कानूनी, खाना बस्न तथा स्वास्थ्य उपचारको व्यवस्था गरिएको छ ।
- महिला हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत किशोरी स्वास्थ्य परामर्ष मेला सम्पन्‍न भएको छ त्यसै गरी अन्तराष्ट्रिय महिला दिवशको अवशरमा सिटी सवारी चलाउने महिलाहरुलाई सम्मान पत्र र पोसाक वितरण गरिएको छ।
- उद्यमशीलता सम्बन्धि आर्थिक टेवा कार्यक्रम अन्तर्गत ड्राइभिङ, सिलाई कटाई तालिम,च्याउ खेति ,झोलमल, जुत्ता चप्पल एडभान्स जस्ता तालिमहरु सम्पन्न गरिएको छ ।
- यस नगरपालिकाको न्यायिक समितिका प्रतिनिधीहरुलाई भोजपुर नगरपालिका, पौवा दुङमा गाउँपालिका, धनकुटा नगरपालिका र सिद्धिचरण नगरपालिका तथा लेटाङ नगरपालिकासंग असल अभ्यास आदानप्रदान गर्ने उदेश्यले अवलोकन भ्रमण गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

अव म आ.व.२०८३/०८४ को बजेट प्रस्तुत सन्द्रर्भमा मैले लिएका नीति ,उद्देश्य तथा प्राथमिकताका आधारहरु यस सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु।

बजेट निर्माणको प्रकृयामा नेपालको संविधानमा व्यवस्था भएका निम्नानुसार मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरुलाई ध्यानमा राखेको छु।

- नेपालको संविधानले निर्देशित गरेको स्थानीय तहको काम, कर्तव्य तथा अधिकार सम्बन्धी विषय तथा प्राथमिकताहरु ।

- नेपालको संविधानको अनुसुची ८ तथा ९ ले स्थानीय तहका लागि तोकेको राजस्व परिचालन सम्बन्धी खाका, खर्च जिम्मेवारीको क्षेत्र, अन्तर सरकारी हस्तान्तरणको विषय तथा स्थानीय तहको ऋण संरचनाको स्वरुप,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेका विषयहरु,
- स्थानीय तहको निर्वाचनको समयमा जनतासँग व्यक्त गरेको प्रतिवद्धताहरु,
- सोह्रौं आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य एवं उद्देश्यहरु साथै दिगो विकासको रणनीतिले अवलम्बन गरेका तथ्य, सुचकाङ्क एवम् प्राथमिकताहरु,
- नेपाल सरकार, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, भूमि ब्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेश सरकारको तर्फवाट समय समयमा जारी भएका मार्गदर्शन तथा परिपत्र र सुझावहरू,
- स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७८, राष्ट्रीय प्राकृतिक श्रोत तथा वित्त आयोग र विभिन्न विषयगत समितिवाट प्राप्त सुझावहरु,
- यस नगरपालिकामा क्रियाशिल राजनीतिक दलहरु, माननीय सांसदज्यूहरु , भुतपूर्व जनप्रतिनिधीहरु , प्राध्यापक, शिक्षक, पत्रकार , विभिन्न संघ संस्थाका जिम्मेवार पदाधिकारीहरू , समाजसेवी बुद्धिजिवीले दिएका अमूल्य सुझावहरु,
- राजस्व परामर्श समितिवाट प्राप्त सुझावहरु तथा यस रंगेली नगरपालिकाद्वारा निर्माण गरिएको गुरू योजना
- नगरबासीहरुको माग, राय तथा सुझाव र समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई पुरा गर्न दिगो विकासका लक्ष्य ,
- विकासका समसामयिक मुद्दाहरु, दीगो विकाससम्बन्धि नीति, जलवायुपरिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशीविकास,बाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुलादिसामुक्त तथा पूर्ण सरसफाई लगायतका अन्य सम्बन्धित बिषयहरु,
- निर्वाचनको क्रममा जारी गरीएको निर्वाचन घोषणापत्रहरु,
- रगेली नगरपालिकाले आवश्यक ठानेका बिषयहरु तथा स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा मार्गदर्शन २०७९

**सभाध्यक्ष महोदय,**

रंगेली नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न अनुमती चाहन्छु ।

**आर्थिक वर्ष २०८३/०८४ को बजेट निर्माणको क्रममा लिएका उद्देश्यहरु निम्न अनुसार लिएका छन।**

- नगरको पूर्वाधार विकासमा लगानी गर्दै रोजगारी सृजना गरी गरिवी घटाउने,
- विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्ने,
- नगरका नागरिकहरुको स्वास्थ्यको गुणस्तर वढाउन स्वास्थ्य क्षेत्रमा लगानी वढाउने,
- नगरको सबै क्षेत्रमा समानुपातिक विकास गर्ने,
- नगरपालिकावाट प्रवाह हुने सेवाहरुलाई सरल, सहज र प्रविधिमैत्री बनाउने,
- लक्षित वर्गलाई सशक्तिकरण गर्दै समावेशी र सन्तुलित विकास गर्ने,
- कृषिमा व्यावसायीकरण यान्त्रिकरण आधुनिकीकरण विविधिकरण गर्दै उत्पादन र उत्पादकत्व बढाउने,

**यी उद्देश्य पुरा गर्न आर्थिक वर्ष २०८३/०८४ का प्राथमिकताहरु निम्न राखिएका छन्**

- नगरपालिकाको पूर्वाधारको क्षेत्रमा लगानी बढाउने,

- शिक्षाको गुणस्तर वृद्विका लागि शैक्षिक क्षेत्रमा लगानी बढाउने,
- विपन्न वालवालिकालाई शैक्षिक पहुँचका लागि विशेष शैक्षिक कार्यक्रमको व्यवस्था गर्ने,
- नगरपालिकाको स्वास्थ्य सेवालाई प्रभावकारी वनाउन स्वास्थ्य संस्थाको क्षमतामा सुधार गर्ने,
- कृषि प्रबर्द्धन तथा कृषि प्रविधिको आधुनिकिरण र व्यवसायिकरण गर्ने,
- रोजगारीको अवसरमा बृद्धि  गर्ने कार्यक्रमहरु निर्माण गर्ने,
- सामाजिक सद्भाव कायम गर्दै विभेदको अन्त्य गर्ने,
- सेवा प्रवाहलाई प्रभावकारी वनाउदै सुशासन प्रवर्द्धन गर्ने,

**आदरणीय सदस्यज्यूहरु,**

म अब रंगेली नगरपालिकाले आ.ब.२०८३/०८४ मा लिएका मुख्य नीति तथा कार्यक्रमहरु यस सम्मानित सभा समक्ष राख्न चाहन्छु ।

**१. आर्थिक विकास सम्बन्धि नीतिहरुः**

१.१ उद्योग व्यवसाय दर्ता, नविकरण, स्तानतरण, नामसारी जस्ता प्रशासनिक प्रकृयालाई नियमानुसार सरलिकरणल तथा प्रभावकारी बनाइनेछ ।

१.२ दर्ता नभई संचालनमा रहेका उद्योग तथा व्यवसायलाई करको दायरामा ल्याइने छ ।

१.३ स्थानीय स्रोत, सिप र साधनको अधिकतम प्रयोग हुने घरेलु तथा साना उद्योगहरुको संचालन तथा विस्तारमा आवश्यक सहयोग तथा प्रोत्साहन गरीने छ ।

१.४ स्विस सरकार र नेपाल सरकारको समन्वय र सहकार्यमा यस पालिकामा संचालन हुने राजस्व अभिवृद्दि कार्यक्रमलाई प्राथमिकताको साथ संचालन गरीने छ ।

**२. वित्तीय व्यवस्थापन सम्बन्धी नीतिहरुः**

२.१ खर्च गर्ने अख्तियारी र खर्चको कार्यविधि स्थानीय सरकार संचालन ऐन २०७४ एवम् प्रचलित आर्थिक ऐन, नियम वमोजिम गर्ने व्यवस्था मिलाईनेछ ।

२.२. योजना तथा कार्यक्रम संचालन गर्दा, सेवा वा सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन,नियमावली,आर्थिक कार्यविधि तथा प्रचलित कानुन अनुसार मात्र गरिनेछ ।

२.३. नगरपालिकाको बेरुजु फछ्र्यौट असुल उपर गर्ने कार्यलाई प्रभावकारीरुपमा अगाडि बढाई शुन्य बेरुजुको अवस्थामा पुर्याउने नितिलाई अबलम्बन गरिनेछ ।

२.४. पूर्वाधार निर्माण, खरिद कार्य तथा आय संकलनका क्षेत्रमा आव्हान गरिने बोलपत्रलाई पारदर्शी, मितव्ययी, प्रभावकारी तथा प्रतिष्पर्धात्मक बनाउनई-बिडिङ्गपद्धति अवलम्बन गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

२.५ संघ तथा प्रदेश वा कुनै निकायबाट साझेदारीमा आयोजना वा कार्यक्रम गर्नुपर्ने भएमा नगरपालिकाले समपुरक कोषबाट साझेदारी गरी आयोजना वा कार्यक्रम सञ्चालन गरिनेछ।

**३.विषयगत क्षेत्रसँग सम्बन्धितकार्यक्रमहरुः**

**क.कृषि तथा पशुपंछी प्रवर्धन**

- आय आर्जन तथा रोजगारीका थप अवसरहरु सिर्जना गर्न कृर्षि तथा पशुपालन गर्ने किसानहरुको लागि व्यवसायिक तालिम संचालन गरिने छ।
- रासायनिक मलको प्रयोगलाई निरुत्साहित गरी प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरिने छ ।
- माटो परीक्षणको लागि माटो शिविर संचालन गरिने छ ।
- कृषि उपज तथा पशुजन्य उत्पादनको बजारीकरणको लागि पहल गरिनेछ ।
- शसर्त अनुदानमा तोकी आएका कार्यक्रमहरुलाई नगरपालिकाले व्यवस्थित ढङ्गले कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।
- मौसमी बेमौसमी कृषिजन्य उत्पादनलाई सुरक्षित भण्डारण व्यवस्था सहितको आधुनिक कृषि बजार केन्द्र स्थापनाका लागि संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम र नगरको लागत सहभागितामा निर्माण भइरहेको कोल्ड स्टोर सम्पन्न गरिनेछ।
- कृषीलाई यान्त्रीकरण गरी व्यवसायिकरणतर्फ उन्मुख गराउन किसानहरुलाई कृषि साना औजार उपकरणहरु लागत साझेदारीमा वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- रंगेली नगरपालिकाभित्र रहेका स्थानिय नक्ष्लका पशुपंक्षीलाई क्रमशः वर्णशंकर तथा उन्नत नक्ष्लमा परिणत गरिनेछ जसका लागि कृतिम गर्भाधान कार्यक्रमलाई नियमित संचालन गरिनेछ ।
- आयआर्जनका लागि कृषकले पालेका पशुपंक्षीलाई महामारी रोगबाट वचाउन आवश्यक कदम चालिनेछ । जसका लागि पशुमा लाग्ने विभिन्न रोगबाट बचाउन एफ.एम.डी.,रेविज, पि.पि.आ.,स्वाईन फिवर, रानिखेत, गम्वरो, चरचरे, भ्यागुते जस्ता रोग विरुद्धको खोप कार्यक्रमलाई नियमित गरिनेछ ।
- पशुपालक कृषकहरुलाई क्षमता अभिविद्धी गराई पशुजन्य पदार्थ अण्डा,दुध,मासु उत्पादनमाविषेश जोड दिईनेछ । जसका लागि पशुपंक्षीपालक कृषकहरुलाई तालिमको कार्यक्रम संचालन गराईनेछ ।
- न्युन आयआर्जन भएका सिमान्तकृत वर्गका कृषकहरुलाई पोषण तत्वमा पहुच पुर्याउन आवश्यक पहल गरिनेछ । जसका लागि गिरिराज कुखुराको चल्ला वितरण कार्यक्रम संचालन गरिनेछ ।
- व्यावसायिक पशुपालक कृषकहरुलाई थप पालन कार्यमा प्रोत्साहन गराईनेछ । जसका लागि विशेष अनुदान काकार्यक्रम संचालन गरिनेछ ।
- उन्नत हरियो घाँस खेतीलाई प्रोत्साहन दिई कृषकको दानामा पर्ने खर्चलाई कमी ल्याइनेछ । जसका लागि उन्नत हिउँदे, वर्षे, वहुवर्षे घाँसको विउ वितरण कार्यक्रम तथा हरियो घाँस विस्तार कार्यक्रम संचालन गरिनेछ ।
- व्यावसयिक पशुपालन फार्महरुमा पशुमा भएका समस्याहरुलाई पशुफार्ममा नै स्थलगत सेवा पुर्याएईने छ । जसका लागि प्राविधिक सहितको स्थलगत घुम्ति शिविर कार्यक्रम संचालन गरिनेछ ।
- पशुपंक्षीबाट मानिसमा सर्ने जुनोटिक रोगको वारेमा अध्ययनरत प्रशिक्षार्थिहरुलाई समेत ज्ञान दिईनेछ । जसका लागि स्कुल शिक्षाकार्यक्रम संचलन गरिनेछ ।
- सिमावर्ती क्षेत्रबाट यस स्थानिय तहमा पशुपंक्षीसंग सम्वन्धित रोग नभित्रियोस भन्नका लागि विशेष मोवाईल पशु प्राविधिक टोली खटाईनेछ , जसले पैठारी हुने पशुपंक्षी, हाटबजारमा ल्याएको पशुपंक्षीहरुमा विशेष निगरानी राखिनेछ ।

- व्यावसायिक पशुपालन फार्मलाई दर्ता, सुचिकरण तथा नविकरणका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- माछापालक कृषकहरुका समस्या समाधानका लागि आवश्यक पोखरी निरिक्षण,पुराना पोखरी मर्मत सम्भार, नयाँ माछा पोखरी निर्माण तथा विस्तार,पानीको जाँच, सल्लाह सुझाव ,चुना वितरण लगायतका आवश्यक कार्य संचालन गरिनेछ ।
- दुधको बजारीकरणका लागि आवश्यक डेरीलाई थप व्यावथित बनाईनेछ । जसका लागि मिल्कक्यान, मिल्कएनालाईजर मेशिन खरिदमा अनुदान कार्यक्रम संचालन गरिनेछ ।
- परजिवी नियन्त्रण तथापशुपंक्षीको प्राथमिक उपचार गरी कृषकको पशुधनको संरक्षण गरिनेछ । जसकालागि परजिवी नियन्त्रण तथा प्राथमिक उपचारका लागि आवश्यक औषधी खरिद तथा निःशुल्क वितरण कार्यलाई निरन्तरता दिईनेछ ।

### ख.सहकारी विकास

- ✓ सहकारी विभागले प्रयोगमा ल्याएको एकिकृत विद्युतीय व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा हरेक सहकारी संस्थालाई आबद्ध गरिने छ ।
- ✓ नगरपालिकाभित्र सञ्चालन भएका सहकारी संस्थाहरूलाई कानुनी दायरामा ल्याई नियमित अनुगमन गर्ने व्यवस्था गरिने छ।
- ✓ कृषि, पशुपालन, लघुउद्योग, व्यापार तथा सेवा क्षेत्रमा आधारित सहकारी संस्थालाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ।
- ✓ कृषक समूह र सहकारीमार्फत उत्पादन, संकलन, प्रशोधन तथा बिक्री वितरणलाई सुदृढ बनाईने छ ।
- ✓ समावेशी आर्थिक विकासका लागि लक्षित वर्गलाई सहकारीमा आबद्ध गराउने नीति लिइएको छ।
- ✓ सहकारीका पदाधिकारी, कर्मचारी तथा सदस्यहरूको दक्षता अभिवृद्धिका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।
- ✓ नगरपालिकाका विकास कार्यक्रमहरूमा सहकारी संस्थाको सहभागिता र सहकार्य बढाईने छ ।
- ✓ युवाहरू र महिलाहरूलाई आयआर्जन तथा उद्यम विकासमा सहकारीमार्फत सहयोग गरिने छ ।
- ✓ नियमित लेखापरीक्षण, वित्तीय पारदर्शिता र सदस्य—केन्द्रित व्यवस्थापनलाई प्रोत्साहन गरिने छ ।
- ✓ सहकारी, निजी क्षेत्र र सरकारबीच सहकार्य गरी उत्पादन तथा सेवामूलक व्यवसाय विस्तार गरिने छ ।

### ग. रोजगार प्रवर्द्धन तथा गरिवी न्यूनीकरण

- ❖ बैदेशिक रोजगारिबाट फर्केका ब्यक्तिहरुलाई पुन एकिकर ण कार्यक्रम मार्फत  नी जहरुको सीप अनुभव पुंजीको सदुपयोग गरि आन्तरिक रोजगार प्रबर्ध्दन गरिनेछ ।
- ❖ आन्तरिक रोजगारीमा रहेका तथा बैदेशिक रोजगारीमा जान तयार रहेका नागरिकलाई सीप बिकास, सीप प्रमाणिकरण गर्न सहजिकरण गरि दक्ष जनशक्ति उत्पादन गरिनेछ ।
- ❖ निजी तथा गैर सरकारी क्षेत्रको रोजगार नक्शांकन गरी आन्तरिक  रोजगार श्रृजनामा पहल गरिनेछ ।
- ❖ नगरका किशोर, युवा, जेष्ठ लगायत  सम्पुर्ण उमेर समुहका नागरिकलाई स्वस्थय मानसिक जीबन यापनका लागि मनोपरामर्श सेवा उपलब्ध गरिनेछ ।
- ❖ बैदेशिक रोजगारीमा रहेका परिवारका सदस्यहरुको उत्पादनशीलता अभिबृद्दी गर्न मनोपरामर्श सेवा र बीत्तीय साक्षरता शिक्षा प्रदान गरिनेछ ।

- आत्महत्या रोकथाम,तनाब, पीर, चिन्ता ब्यवस्थापन गरी स्वस्थ्य जीवन शैली बिकास गर्न जनचेतनामुलक कार्यक्रम संचानल गरिनेछ ।
- बैदेशिक रोजगारीमा रहेका ब्यक्ति वा निजका परिवारका सदस्यले पाउने आर्थिक सहयताका,अनलाइन श्रम तथा पुनः श्रम नबिकरणका लागि सहजिकरण गरिनेछ ।
- सुरक्षित बैदेशिक रोजगारीका लागि आप्रवासी श्रोत केन्द्र मार्फत सेवा प्रदान गरिनेछ ।
- रोजगारदाता, बेरोजगार ब्यक्ति,तालिम प्रदायक संस्था सबैलाई एकीकृत प्रणाली श्रम संसारमा आबद्ध गराई बेरोजगारी समस्या घटाउन पहल गरिनेछ ।

**आदरणीय सदस्य ज्यूहरु,**

अव म सामाजिक विकास सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**४. सामाजिक विकास नीतिहरुः**

**क. शिक्षा,युवा तथा खेलकुद**

- मापनयोग्य सूचकका आधारमा विद्यालयको अनुगमन मूल्याङ्कन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- नगरपालिका क्षेत्र भित्र रहेका सबै सामुदायिक विद्यालयहरुका कक्षा कोठाहरुलाई क्रमशः वाल मैत्री र प्रविधि मैत्री बनाईनेछ ।
- आधारभूत तह कक्षा ८ सम्म लागू भएको स्थानीय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तक समय सापेक्ष अद्यावधिक गरिनेछ ।
- विद्यालय उमेर समुहका सबै वालवालिकाहरुलाई विद्यालय भर्नाका लागी वडा शिक्षा समितिले विद्यालयको क्षेत्राधिकार भित्रका वालवालिकाहरुलाई विद्यालयमा प्रभावकारी भर्ना अभियान संचालन गर्ने गराउँने निति अवलम्बन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको नाममा दर्ता कायम रहेको जग्गाको लिज, भाडा, ठेक्कामा दिएको तथा भवनहरुको आम्दानीलाई समय सापेक्ष पुनर्विचार गरी पुःन मूल्यांकन द्वारा व्यवस्थित गरि विद्यालयको नियमित आम्दानी लाई समयसापेक्ष बनाउँन विद्यालय व्यवस्थापन समिती र वडा शिक्षा समितिलाई जिम्मेवार बनाईनेछ ।
- विद्यार्थी संख्याका आधारमा तोकिएको न्यूनतम विद्यार्थी संख्या नभएका विद्यालयलाई नजिकैको विद्यालयमा समायोजन तथा कक्षा/ तह घटाउँने र प्रत्येक २ वर्षमा बालविकाश सहजकर्ता सहित सबै तहका शिक्षकको दरवन्दी मिलान तथा पुनर्वितरण कार्यलाई अगाडी बढाईनेछ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि खेल शिक्षकको व्यवस्था गरिने छ ।
- सुरक्षित तथा हरित विद्यालय कार्यक्रम संचालन गरिने छ ।
- विद्यार्थीको पठनपाठन लाई निरन्तरताका लागि प्रसुती सट्टा स्वयम सेवक शिक्षकको व्यवस्था गरिने छ ।
- संस्थागत विद्यालयको वर्गिकरण तथा नियमन गरिने छ ।
- नगर शिक्षा योजना क्रमश कार्यान्वयन र अद्यावधिक गर्दै लगिने छ ।
- सामुदायिक विद्यालयमा रहेको इ-हाजिरीलाई व्यवस्थित गरी सूचना प्रविधिसँग आवद्ध गर्न विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाईनेछ ।
- सामुदायिक विद्यालयका शिक्षकहरुलाई शिक्षण सिकाईमा आधारित शिक्षण तालिमलाई आवश्यकता अनुसार क्रमश संचालन गरिनेछ ।

- विद्यालय व्यवस्थापन समितिलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
- विद्यालयहरुमा जुनियर रेडक्रस सर्कल सर्कल, बालकल्ब र स्काउटलाई परिचालन गरिनेछ ।
- आधारभूत तहमा गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर्न दलित, अल्पसंख्यक, लोपोन्मुख, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न तथा अपाङ्गता भएका बालबालिकाका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- सुस्त श्रवण भएका बालबालिकाको लागि छुट्टै छात्रावास सहितको अवासीय विद्यालय संचालन गरिनेछ ।
- प्राविधिक विद्यालयलाई उचित सहयोग र अनुदानको व्यवस्था गरिने छ ।
- पठनपाठनमा संलग्न बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुलाई प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- सरोकारवालाहरुलाई विद्यालय प्रति अपनत्व जगाउन र आर्थिक पारदर्शिता कायम गराउन विद्यालयको बार्षिक रुपमा आयव्यय सार्वजनिक गर्न आवश्यक प्रक्रिया अगाडी बढाईनेछ।
- उत्कृष्टनतिजा ल्याउने बिद्यार्थीहरुलाई पुरस्कृत/सम्मानित गर्ने कार्य गरिनेछ ।
- सम्पूर्ण विद्यालयलाई लैंगिकमैत्रि, बालमैत्रि, प्रविधिमैत्रि र अपाङ्गतामैत्री शैक्षिक तथा भौतिक पहुँचयुक्त वातावरण बनाउन आवश्यक सहकार्य गरिनेछ।सामुदायिक बिद्यालयहरुमा किशोरीहरुलाई स्यानेटरी प्याडको निःशुल्क वितरणको व्यवस्था मिलाइने छ ।
- नगरभित्रका प्रत्येक सामुदायिक बिद्यालयहरुका कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरुका लागि पोषण सहितको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गरी बालबालिकाको खेल प्रतिष्पर्धाको वातावरण निर्माण गरिनेछ। अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न विद्यालयमा अनुदानको व्यवस्था मिलाइनेछ ।
- विद्यालयमा स्वच्छ खानेपानीको व्यस्था र सरसफाई युक्त सौचालयको ब्यवस्था गरिनेछ ।
- आधुनिक अन्तर्राष्ट्रिय परिवेशमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति निर्माण गर्नुको साथै जगै देखि शैक्षिक स्तर वृद्धि गर्न र विद्यार्थीले कक्षा छाड्ने प्रवृति रोक्न, आवश्यक उपाय प्रारम्भ गरिनेछ ।
- प्रत्येक वडाका मुख्य चौकहरुमा खुला व्यायामशाला स्थापनाको नीतिलाई निरन्तरता दिइनेछ ।

**ख. स्वास्थ्य सेवा**

- सम्पुर्ण नगरवासीको स्वास्थ्य अवस्थामा सुधार ल्याउन र स्वास्थ्य नगरिकको रुपमाराखि राख्न को लागि प्रतिकारात्मक प्रवर्धनात्मक र उपचारात्मक(Preventave ,Promotive And Curative) स्वास्थ्य सेवा प्रदान गरिने छ ।
- नसर्ने रोगहरु क्यान्सर, मुटुको रोग, मधुमेह,उच्च रक्तचाप श्वास प्रश्वास को रोग जस्ता स्वास्थ्य समस्या ले नागरिकमा मानविय क्षति का साथै सामाजिक आर्थिक, रुपमा ठुलो क्षति पुर्या इ रहेकोले यी रोगहरु रोगथाम तथा न्यूनिकरण गर्न र नागरिकहरुलाई सचेत गराइ समयमै पहिचान गर्न समुदाय स्तरमा स्वास्थ्यकर्मी र राष्ट्रिय सामुदायीक महिला स्वास्थ्य स्वयं सेविका मार्फत स्कृनिङ अभियान संचालन गरिने छ।
- महिलाहरुको गर्भवती, प्रशुति र सुत्केरी अवस्थामा स्वास्थ्य अव्स्थामा सुधार ल्याउन हाल संचालन भइ रहेको घर घरमा पुर्व प्रशुति सेवा र उत्तर प्रशुति सेवा कार्यक्रम लाई अझ प्रभावकारी बनाई महिलाहरुको स्वास्थ्य अवस्थामा सुधार ल्याइने छ ।
- महिलाहरुको पाठेघरको मुखको क्यान्सर,स्तन क्यान्सर लगायत पाठेघर को समस्या समैयमै पहिचानगरि उपचार मा ल्याउन ९ वटै वडामा औषधी उपचार सहितको पाठेघर सम्बन्धि निःशुल्क स्वास्थ्य शिविर संचालन गरि महिलाहरुको प्रत्यक्ष स्वास्थ्य लाभ हुने कार्यक्रम संचालन गरिने छ ।
- करिब ७-८ हजारको संख्यामा रहेको ७० वर्ष माथिको जेष्ठ नागरिकको स्वास्थ्य समस्या को पहिचान तथा उपचारमा सहयोग पुर्याउन स्वास्थ्य कर्मी द्वारा घर दैलो अभियान मार्फत घर घरमा सेवा प्रदान गरिने छ ।

- स्वास्थ्य बालिका —स्वास्थ्य किशोरी —स्वास्थ्य गर्भवती —स्वास्थ्य आमा स्वास्थ्य बालिका यो चक्रलाई पुर्णता र निरन्तरता दिन विद्यालय केन्द्रित पाठेघरको मुखको क्यान्सर विरुद्धको HPV खोप आइरन चक्की,जुकाको औषधी वितरण जस्ता पोषण स्वास्थ्य शिक्षा कार्यक्रमहरु नगर भरिका सबै समुदायीक तथा संस्थागत विद्यालयहरुमा संचालन गरिने छ ।

**ग. ज्येष्ठ नागरिक अपाङ्ग तथा महिला बालबालिका**

- बालबालिका सम्बन्धी ऐन २०७५ ले व्यवस्था गरे अनुसार स्थानिय तहमा बाल अधिकार समिति गठन,परिचालन, बाल कोषको स्थापना तथा बाल कल्याण अधिकारीको नियुक्ति र परिचालनको व्यवस्था मिलाईने छ ।
- बालक्लव तथा बालक्लव संजालहरुको क्षमता विकास,आवध्दता,दर्तानविकरण तथा बालबालिकाको नेतृत्वमा विभिन्न कार्यक्रम संचालन गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई सिपमुलक व्यवसायिक तालिम तथा जिविकोपार्जनका लागि विउपुजीको व्यवस्था गर्ने निति लिइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्यउपचार तथा सहायक सामाग्री सहयोग गरिनेछ।
- अपाङ्ग बाल अस्पातल तथा पुर्नस्थापना केन्द्रसँगको समन्वयमा गरिब तथा बिपन्न शारीरिक अपाङ्गता भएका बालबालिकाहरुको स्वास्थ्य शिविर एवम् जटिल प्रकारको शल्यक्रिया गर्ने नीति मिलाइनेछ।
- सिपविकास सम्वन्धी विभिन्न कार्यक्रमहरुसंचालन गरिने छ।
- लैंगिङ्ग हिंसामा परेका महिला बालबालिका तथा किशोरकिशोरीहरुलाई सहयोग कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- अपाङ्गता तथा ज्येष्ठ नागरिक परिचय पत्र वितरणलाई निरन्तरता दिईनेछ ।
- ज्येष्ठ नागरिकहरु सग भएका ज्ञान सिप र अनुभवलाई विधार्थीहरुमा अन्तरपुस्ता हस्तान्तरण कार्यक्रम गरिनेछ ।

**घ. लक्षित वर्ग तथा सामाजिक सांस्कृतिक विकासतर्फ**

- उद्यमशिलता प्रवर्धन गरि नागरिकको जिवनस्तर वृद्धि गर्न रोजकारीमुलक सीप विकास कार्यक्रमहरु संचालन गरिनेछ ।
- सडक सुरक्षा,लागु औषध दुर्वेशनी, बाल-विबाह, लैंगिक हिंसा, साइवर ठगी, आत्महत्या, घरेलु हिंसा , दाइजो प्रथा, बोक्सीको आरोप लगायतका विषयमा नेपाल प्रहरीसँग सहकार्य गरी **"समुदाय-प्रहरी साझेदारी कार्यक्रम"** मार्फत व्यापकताका साथ सचेतनामुलक अभियान चलाईनेछ ।
- प्रतिस्पर्धात्मक क्षमताको अभिवृद्धि गरी युवालाई राष्ट्र निर्माणमा योगदान दिन सक्ने बनाउन युवा नेतृत्व एवं रोजगारीमुलक र प्रविधिमा आधारित सीप विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, अल्पसंख्यक लगायतका लक्षित वर्ग केन्द्रित कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- स्थानिय कला संस्कृति तथा सांस्कृतिक एवं धार्मिक सम्पदा संरक्षण र विकास गरी पर्यटन प्रवर्धन गर्ने तर्फ विशेष ध्यान दिइनेछ ।
- सार्वजनिक सेवामा स्थानिय युवाको सहभागिता वृद्धि गर्न लोक सेवा आयोग/ शिक्षक सेवा आयोगका तयारी कक्षा संचालन गरिनेछ ।
- सामाजिक विकृति विरुद्ध सचेतनामुलक सन्देश प्रवाह गरी नागरिक चेतनाको स्तर अभिवद्धि गर्ने तर्फ विशेष ध्यान दिइनेछ ।
- स्थानिय कला संस्कृति झल्किने सांस्कृतिक कार्यक्रम आयोजना गरिनेछ ।

**आदरणीय सदस्य ज्यूहरु,**

अव म यस सम्मानित नगरसभा समक्ष पूर्वाधार विकास सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तुत गर्नचाहन्छु ।

**५.पुर्वाधार विकास नीतिहरुः**

**क. सडक, यातायात एवम् आवास**

- नगर क्षेत्रका मुख्य, सहायक तथा ग्रामीण सडकहरूको निर्माण, कालोपत्रे तथा नियमित मर्मतसम्भारलाई प्राथमिकता दिईने छ ।
- आवतजावतलाई सहज बनाउन आवश्यक स्थानहरूमा पुल तथा कल्भर्ट निर्माण गरिने छ ।
- कृषि उत्पादन वृद्धि गर्न नहर, सिँचाइ आयोजना तथा कृषि बजार पूर्वाधार विकास गरिने छ ।
- सुरक्षित खानेपानी, ढल व्यवस्थापन तथा सरसफाइका कार्यक्रम सञ्चालन गरिने छ ।
- विद्यालय भवन, स्वास्थ्य चौकी, अस्पताल तथा अन्य सार्वजनिक सेवासम्बन्धी संरचनाहरूको निर्माण र स्तरोन्नति गरिने छ ।
- नगर क्षेत्रको योजनाबद्ध विकास, सडक बत्ती, सार्वजनिक स्थल तथा हरित क्षेत्रको विस्तार गरिने छ ।
- संघीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र तथा समुदायसँगको सहकार्यमा विकास आयोजना सञ्चालन गरिने छ ।

**ख. पर्यटन**

- स्थानीय धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण र प्रवर्द्धन गरिनेछ।
- पर्यटकीय सम्भावना भएका क्षेत्रहरूको पहिचान गरी पर्यटन गन्तव्यको रूपमा विकास गरिनेछ।
- धार्मिक तथा सांस्कृतिक पर्यटनलाई प्राथमिकता दिई आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गरिनेछ।
- पर्यटन क्षेत्रको विकासका लागि आवश्यक सडक , खानेपानी, सरसफाइ, सूचना केन्द्र तथा अन्य पूर्वाधार निर्माण गरिनेछ।
- पर्यटन प्रवर्द्धनका लागि सांस्कृतिक महोत्सव, मेला तथा विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- निजी क्षेत्र, समुदाय तथा सरोकारवालासँग साझेदारीमा पर्यटन विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- पर्यटन क्षेत्रमार्फत स्थानीय रोजगारी तथा आयआर्जनका अवसर सिर्जना गरिनेछ।
- पर्यटन विकासलाई वातावरण संरक्षण र दिगो विकाससँग जोडेर अगाडि बढाईने छ ।
- नगरपालिकाको पर्यटकीय सम्भावनाको प्रचारप्रसार गर्न सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाईने छ ।
- पर्यटन क्षेत्रलाई स्थानीय आर्थिक विकासको महत्वपूर्ण आधारका रूपमा विकास गरिने छ ।

**ग. शान्ति सुरक्षा**

- प्रहरी प्रशासन, स्थानीय सरकार तथा समुदायबीच समन्वय र सहकार्यलाई सुदृढ गरिने छ।
- सामुदायिक प्रहरी साझेदारी कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिने छ।
- लागुऔषध दुव्र्यसन, घरेलु हिंसा, बालविवाह, मानव बेचबिखन तथा अन्य सामाजिक अपराध नियन्त्रणका कार्यक्रम सञ्चालन गरिने छ।
- सार्वजनिक स्थल, बजार क्षेत्र तथा शैक्षिक संस्थाहरूको सुरक्षा व्यवस्थापनमा सहयोग गरिने छ।
- युवा तथा समुदायलाई अपराध न्यूनीकरण र शान्ति प्रवर्द्धनका गतिविधिमा सहभागी गराईने छ ।
- सूचना प्रविधिको प्रयोगमार्फत सुरक्षा सचेतना तथा सार्वजनिक सेवामा पहुँच अभिवृद्धि गरिने छ।
- नागरिकको जीउधनको सुरक्षा तथा सुरक्षित वातावरण निर्माणका लागि सम्बन्धित निकायसँग समन्वय गरिने छ।

## ६. वन,वातावरण,फोहोर मैला तथा विपद व्यवस्थापन नीतिहरुः

### क. वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

- स्वच्छ, सफा र हरित नगर निर्माणलाई प्राथमिकता दिईने छ ।
- फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित, प्रभावकारी र दिगो बनाईने छ।
- घरमै फोहोरको वर्गीकरण (कुहिने र नकुहिने) गर्ने प्रणालीलाई प्रोत्साहन गरिने छ ।
- फोहोरको संकलन, ढुवानी, प्रशोधन तथा अन्तिम व्यवस्थापनलाई वैज्ञानिक ढंगले सञ्चालन गरिने छ ।
- प्लास्टिक जन्य फोहोरको प्रयोग न्यूनीकरण तथा पुनःप्रयोग र पुनर्चक्रणलाई प्रोत्साहन गरिने छ ।
- वातावरणीय प्रदूषण नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा खुला क्षेत्र संरक्षण गरिने छ ।
- नदी, नाला, पोखरी तथा अन्य प्राकृतिक स्रोतहरूको संरक्षण र सरसफाइमा विशेष ध्यान दिईने छ ।
- विद्यालय, टोल विकास संस्था, सामुदायिक समूह तथा निजी क्षेत्रसँग सहकार्य गरी सरसफाइ अभियान सञ्चालन गरिने छ ।
- जलवायु परिवर्तनका असर न्यूनीकरण तथा वातावरणीय अनुकूलन कार्यक्रम सञ्चालन गरिने छ ।
- औद्योगिक तथा व्यावसायिक क्षेत्रबाट हुने वातावरणीय प्रदूषण नियन्त्रणका लागि आवश्यक मापदण्ड लागू गरिने छ ।
- वातावरण संरक्षण सम्बन्धी स्थानीय कानुन, मापदण्ड तथा कार्यविधिको प्रभावकारी कार्यान्वयन गरिने छ ।
- खानेपानीका स्रोत, जैविक विविधता तथा प्राकृतिक सम्पदाको संरक्षणमा जोड दिईने छ।
- सार्वजनिक स्थल, बजार क्षेत्र, सडक तथा बस्तीहरूलाई नियमित सरसफाइ गरी स्वस्थ वातावरण कायम गरिने छ ।
- 'स्वच्छ रंगेली, हरित रंगेली÷अभियानमार्फत नागरिक सहभागिता बढा ईने छ ।

### ख.विपद् व्यवस्थापन,

- प्राकृतिक तथा मानव शृजित विपद्का घटनाहरुबाट हुनसक्ने सम्भावित क्षतिलाई न्यूनिकरण गर्दै सुरक्षित मानव बसोबासको व्यवस्था मिलाईनेछ ।
- विपद् जोखिमको अल्पिकरण तथा न्यूनिकारणका लागि सबै निकायको समन्वय, सहकार्यमा गोष्ठी, अन्तर्क्रिया, simulation अभ्यासलाई प्राथमिकता दिइनेछ ।
- ग्यास, चुल्हो, विद्युतिय आगलागी नियन्त्रण बारे नगर प्रहरीलाई तालिम दिई क्षमता विकास गरिनेछ ।
- विपद्को समयमा सबै पक्ष र निकायको संयुक्त प्रयासमा विपद् उद्दार, पुनस्थापना र पुननिर्माणका कार्यहरु गरिनेछ ।

## ७. सुशासन तथा संस्थागत विकास

- ✓ पारदर्शी, जवाफदेही र भ्रष्टाचारमुक्त स्थानीय शासन प्रणालीको विकास गरिने छ ।
- ✓ सेवा प्रवाहलाई छिटो, सरल, प्रभावकारी तथा नागरिकमैत्री बनाईने छ।
- ✓ नगरपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धिका लागि तालिम र विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- ✓ सूचना प्रविधिमा आधारित ई—शासन (E-Governance) प्रणालीको विस्तार गरिनेछ।
- ✓ सार्वजनिक सेवा तथा विकास निर्माण कार्यमा पारदर्शिता र जनउत्तरदायित्व सुनिश्चित गरिनेछ।
- ✓ योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा नागरिक सहभागिता बढाईने छ ।
- ✓ सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षणलाई नियमित गरिनेछ।

- ✓ संस्थागत क्षमता विकासका लागि आवश्यक भौतिक, प्राविधिक तथा प्रशासनिक संरचना सुदृढ गरिनेछ।
- ✓ वित्तीय अनुशासन, आन्तरिक नियन्त्रण तथा प्रभावकारी राजस्व व्यवस्थापनमा जोड दिईने छ ।
- ✓ वडा कार्यालय तथा नगरपालिकाका शाखाहरूको कार्यसम्पादनलाई प्रभावकारी र परिणाममुखी बनाईने छ ।
- ✓ कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन तथा उत्प्रेरणामूलक व्यवस्थालाई प्रोत्साहन गरिनेछ।
- ✓ संघ, प्रदेश तथा अन्य सरोकारवाला निकायसँग समन्वय र सहकार्यलाई सुदृढ बनाईने छ ।
- ✓ गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाई नागरिकका समस्याको शीघ्र समाधान गरिनेछ।
- ✓ कानुन, नीति, कार्यविधि तथा मापदण्डहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ।
- ✓ समावेशी, सहभागितामूलक तथा परिणाममुखी संस्थागत विकासलाई प्राथमिकता दिईने छ ।
- ✓ रंगेली नगरपालिकाको सबै(१-९) कर्मचारीहरूबीच सहकार्य, समन्वय र छलफल गरी सेवा प्रवाहलाई प्रभावकारी बनाईनेछ ।
- ✓ रंगेली नगरपालिकामा आउने र जाने कर्मचारीहरुबीचमा "Induction and handover" कार्यक्रम सञ्चालन गरी नगरपालिकाप्रति कर्मचारीको आत्मियता अभिवृद्धी कार्यलाई प्राथमिकता दिइनेछ ।
- ✓ अधिकृतस्तरका कर्मचारीहरुको लागि आवासको व्यवस्था मिलाईनेछ ।

**८. न्यायिक समिति**

- नागरिकलाई सहज, सुलभ र पहुँचयोग्य न्याय सेवा उपलब्ध गराईने छ ।
- मेलमिलापको माध्यमबाट विवाद समाधानलाई प्राथमिकता दिईने छ ।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति तथा पछाडि पारिएका समुदायको न्यायमा पहुँच सुनिश्चित गरिने छ ।
- न्यायिक समितिका पदाधिकारी तथा मेलमिलापकर्ताहरूको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गरिने छ ।
- उजुरी दर्ता, सुनुवाइ तथा निर्णय प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाईने छ ।
- कानुनी सचेतना तथा नागरिक अधिकार सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- विवाद समाधानमा सामाजिक सद्भाव, सहिष्णुता र सामुदायिक एकतालाई प्रवर्द्धन गरिने छ ।
- न्यायिक समितिको कार्यसम्पादनमा सूचना प्रविधिको प्रयोग तथा अभिलेख व्यवस्थापनलाई सुदृढ गरिने छ ।
- कानुनबमोजिम न्यायिक अधिकार क्षेत्रभित्रका मुद्दाहरूको समयमै फछर्योट गरिने छ ।
- वडा तह तथा समुदायस्तरमा मेलमिलाप केन्द्रहरूको प्रभावकारी परिचालन गरिने छ ।

**९. विविध**

- ❖ नगर भित्र वित्तिय कारोबार गर्ने बैंक वित्तिय संस्था सहकारिहरुलाई दर्ता नवीकरण गरी करको दायरामा ल्याउने कार्यलाइ निरन्तरता दिदै व्वस्थित गरिनेछ।
- ❖ नगर क्षेत्रका NGO/INGO लाई दर्ता /सूचीकृत गर्ने व्यवस्था गरिनेछ।
- ❖ बजार अनुगमनको कार्यलाइ निरन्तरता दिई उपभोक्ता हितको कार्यलाई प्रभावकारी बनाइनेछ।
- ❖ सिफारीस तथा दस्तुरमा निगरानी गरी राजश्वमा हुनसक्ने चुहावटमा कडाई गरिनेछ ।
- ❖ जोखिम क्षेत्रमा कार्यरत इलेक्ट्रिसियन, दमकलका कर्मचारी, ड्राइभर लगायत कर्मचारीका लागि सामुहिक दुर्घटना बीमा कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- ❖ प्रदेश सरकार, रंगेली नगरपालिकाको साझेदारीमा अपाङ्ग रोकथाम तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ❖ भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीहरूको व्यवस्थापनको लागि संकलित तथ्यांकको विद्युतिय अभिलेखिकरणलाई निरन्तरता दिईनेछ।

- सम्बन्धित निकायहरूसँगको समन्वय र सहकार्यमाभूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीहरूलाई जग्गा वितरण गर्ने कार्यका लागि आवश्यक प्रक्रिया तीव्रताका साथ अगाडि बढाइनेछ ।
- निकट भविष्यमा भुमि प्रशासन सम्बन्धि सेवा (मालपोत र नापी) स्थानिय तह बाटै प्रवाह गर्न आवश्यक पुर्वाधार तथा क्षमता विकास गरिनेछ ।
- विगत वर्षदेखि ब्यवसाय नविकरण नगरेका ब्यवसायीहरुलाई आ.व २०८२/८३ र २०८३/८४ को नविकरण दस्तुर लिई आ.व २०८१/८२ र सो भन्दा अघि आ.वको नविकरण दस्तुर छुट दिने नीति अवलम्वन गरिनेछ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्ताव गरेको अनुमानित आय विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

| **नगरपालिकको बाँडफाँट गर्न मिल्ने कुल आय** | | | |
|---|---|---|---|
| **सि.न** | **आय शिर्षक** | **रकम** | **अक्षरमा** |
| १ | आन्तरिक आय | ६००००००००.०० | ६ करोड |
| २ | राजस्व बाँडफाँट (संघ) | १२०८६८०००.०० | १२ करोड ८ लाख ६८ हजार |
| ३ | राजस्व बाँडफाँट (प्रदेश) | १०७७१२४९.०० | १ करोड ७ लाख ७१ हजार २ सय ४९ |
| ४ | राजस्व बाँडफाँट (स्थानीय) | ८३८७१७५१.०० | ८ करोड ३८ लाख ७१ हजार ७ सय ५१ |
| ५ | समानीकरण अनुदान (संघ) | १४८००००००.०० | १४ करोड ८० लाख |
| ६ | समानीरकण अनुदान प्रदेश | १३८३७०००.०० | १ करोड ३८ लाख ३७ हजार |
| जम्मा आय | | ४३७३४८०००.०० | ४३ करोड ४३ लाख ४८ हजार |
| नगरपालिकको बाँडफाँट गर्न नमिल्ने शसर्त समपुर र विशेष अनुदान | | | |
| **सि.न** | **आय शिर्षक** | **रकम** | **अक्षरमा** |
| १ | संघ सरकार सशर्त चालु | २९५५०००००.०० | २९ करोड ५५ लाख |
| २ | संघ सरकार सशर्त अनुदान पूँजिगत | ५६०००००.०० | ५६ लाख |
| ३ | संघ सरकार समपुरक अनुदान | २४२०००००.०० | २ करोड ४२ लाख |
| ४ | संघ सरकार विषेश अनुदान | ० | ० |
| ५ | प्रदेश सरकार सशर्त अनुदान चालु | ३७२५००००.०० | ३ करोड ७२ लाख ५० हजार |
| ६ | प्रदेश सरकार सशर्त अनुदान पूँजिगत | १३५०००००.०० | १ करोड ३५ लाख |
| **समानीकरण अनुदान वाहेक वित्तीय हस्तानतरण संघ तथा प्रदेश सरकार जम्मा** | | **३७६०५००००.००** | ३७ करोड ६० लाख ५० हजार |
| **जम्मा कुल आय अनुमान** | | **८१३३९८०००.००** | ८१ करोड ३३ लाख ९८ हजार |

यसरी विभिन्न आय शीर्षकमा रु ८१ करोड ३३ लाख ९८ हजार आय प्रस्ताव गरिएको मध्ये रु ८ करोड ३९ लाख ४८ हजार राजस्व संकलन गर्ने आकांक्षा गरिएकोले अपेक्षित राजस्व संकलन हुन नसकेमा १५ औं नगरसभावाट हामीले स्वीकृत गरेका योजना तथा कार्यक्रमलाई कटौती गर्नु पर्ने बाध्यत्मक अवस्था आउन सक्ने कुरा समेत म यस सम्मानित सभा समक्ष अनुरोध गर्न चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

अव म यस सम्मानीत सभा समक्ष प्रदेश तथा सङ्घीय सरकार सशर्त अनुदान वाहेक वडा कार्यालय तथा नगरपालिकावाट स्वीकृतिका लागि पेश गरिएको क्षेत्रगत ब्यय अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| सि.न | शीर्षक | रकम | अक्षरमा |
|---|---|---|---|
| १ | कार्यालय प्रशासनिक | १३०६७००००.०० | १३ करोड ६७ लाख ७० |
| २ | वडा कार्यालय प्रशासनिक | ७२०००००.०० | ७२ लाख |
| ३ | वडा आकस्मिक पुर्वाधार तथा लक्षित वर्ग र कार्यक्रम | ९००००००.०० | ९० लाख |
| ४ | कार्यालय कार्यक्रम | २०७५८०००.०० | २ करोड ९५ लाख ८ हजार |
| ५ | सहकारी | ३०००००.०० | ३ लाख |
| ६ | उद्यमशिलता | १५००००.०० | १लाख ५० हजार |
| ७ | कृषि विकास | १०००००.०० | १ लाख |
| ८ | पशु पन्छी विकास | १०८००००.०० | १० लाख ८०हजार |
| ९ | राष्ट्रिय रोजगार | ४४७०००.०० | ४ लाख ४७ हजार |
| १० | शिक्षा | २४४११९००.०० | २ करोड ४४ लाख ११ हजार ९ सय |
| ११ | युवा तथा खेलकुद | ५०००००.०० | ५ लाख |
| १२ | स्वास्थ्य | २६१३००००.०० | २ करोड ६१ लाख ३० हजार |
| १३ | महिला तथा वालवालिका | १००००००.०० | १० लाख |
| १४ | युवा लक्षित | १५०००००.०० | १५ लाख |
| १५ | महिला उद्यशिलता | ५०००००.०० | ५ लाख |
| १६ | अपाङ्ग लक्षित | ११०००००.०० | ११ लाख |
| १७ | जेष्ठ नागरिक | ५०००००.०० | |
| १८ | सुशासन | २३५००००.०० | २३ लाख ५०हजार |
| १९ | वस्ती विकास | १५०००००.०० | १५ लाख |
| २० | बन तथा वातावरण | ९०००००.०० | ९ लाख |
| २१ | न्यायीक समिति | ३४००००.०० | ३ लाख ४०हजार |
| २२ | कोष स्थापना (मर्मत संभार तथा विपद्) | ४१०००००.०० | ४१ लाख |
| २३ | म्याचिङ फन्ड | ४३९७९४०० | ४ करोड ३९ लाख७९ हजार ४ सय |
| २४ | भुक्तानी दिन बाकी दायित्व सृजना पुँजिगत | ३२४९१७००.०० | ३ करोड २४ लाख ९१हजार ७ सय |
| २५ | वडा पुर्वाधार | ५३३१००००.०० | ५करोड ३३लाख १० हजार |
| २६ | पूर्वाधार निर्माण, सिंचाई, खानेपानी आदी पूँजिगत | ६५६९००००.०० | ६ करोड ५६ लाख ९० हजार |
| २७ | सशर्त अनुदान सङ्घीय तथा प्रदेश चालु/ पुँजिगत समपुरक र विशेष (बाँडफाँट नमिल्ने ब्यय) | ३७६०५००००.०० | ३७ करोड ६० लाख ५०हजार |
| जम्मा ब्यय अनुमान | | ८१३३९८०००.०० | ८१ करोड ३३ लाख ९८ हजार |

**सभाध्यक्ष महोदय,**

यस सम्मानीत सभा समक्ष आ.व २०८३/०८४ का लागी कूल ८१ करोड ३३ लाख ९८ हजारको आय तथा ब्यय प्रस्तुत गरि रहँदा विगत वर्षहरु र चालु वर्षमा समेत  सं घ तथा प्रदेश सरकारवाट स्थानीय तहलाई उपलव्ध गराउदै आएको वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको रकम कटौती हुँदा र हामि आफैंले अनुमान गरिएको आन्तरिक आम्दानी र राजस्व बाँडफाँडको रकम  अनुमान गरे जति संकलन नभइदिँदा आगामी आर्थिक वर्षका लागि प्रस्ताव गरिएको योजना तथा कार्यक्रमको भुक्तानी प्रकृयालाई सहज बनाउन पेश गरिएको बजेटलाई समेत १५ औं नगरसभावाट पुन सं म्सोधन गर्नु पर्ने अवस्था आउदैन भन्ने कुरामा हामी विश्वस्त हुन नसकेका कुरा म अनुरोध गर्न चाहन्छु ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

लोकतन्त्रिक विधि र पद्धतिहरुबाट निर्माण गरेका माथि उल्लेखीत नीति तथा कार्यक्रमहरुको प्रभावकारी र व्यबस्थित कार्यान्वयन गर्न सवै पक्षहरुसँग सहकार्य,समन्वय तथा साझेदारीको अपरिहार्यता छ । त्यसैले यस सम्मानित नगरसभा मार्फत कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य र पूर्वाधारः आधुनिक र समृद्ध रंगेलीको आधार भन्ने हाम्रो नारालाई सार्थक र परिणाममुखी बनाउँदै पुरानो साख बोकेको रंगेली नगरलाई समृद्ध रंगेली निर्माणमा सहयोग गरिदिनु हुनका लागि सम्पूर्ण सरकारी निकायहरु, नागरिक समाज, निजिक्षेत्र, राष्ट्रिय-अन्तर्राष्ट्रिय संघ/संस्थाहरु, गैर सरकारी संघ/संस्थाहरु, विभिन्न विकास साझेदारहरु एवम् अन्य सम्पुर्ण सरोकारवालाहरुसँग हार्दिक अनुरोध गर्दछु ।

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी तथा सफल कार्यान्वयनले नगरलाई समृद्ध बनाउन विशेष योगदान पुर्याउने कुरामा विश्वास राख्दै आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि नीति, बजेट तथा कार्यक्रमलाई यस गरिमामय सभामा आवश्यक छलफल तथा स्विकृतिको लागि पेश गरेकोछु।

चालु आ.व. २०८२/०८३ को समिक्षा सहित आगामी आ.व. २०८३/०८४ को प्रस्तावित नीति, बजेट तथा कार्यक्रम तयार पार्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने प्रमुख ज्यू, वडाध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु र सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**भुमा कुमारी पराजुली**
**का. नगरप्रमुख, रंगेली नगरपालिका**
**संवत् २०८३ असार १०**